सुनापती गाउँसभाको मिति २०७५ असार ३१ गते

# सुनापती गाउँपालिका, गाउँसभाद्वारा प्रस्तुत गरिएको

# आर्थिक वर्ष २०७५/०७६ को

## राजस्व र व्ययको अनुमान

## बजेट वक्तव्य

सुनापती गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

हिलेदेवी, रामेछाप

३ नं. प्रदेश, नेपाल

**आदरणीय सभाध्यक्ष महोदय,**

१. यस सुनापती गाउँपालिकाको तेस्रो गाउँसभाबाट स्वीकृत आ.व.२०७५/०७६ को वार्षिक नीति, कार्यक्रम, योजना र बजेट यस गरिमामय कार्यक्रम मार्फत सार्वजनिक गर्न पाउँदा म गर्वान्वित भएको छु । यस अवसरमा सर्वप्रथम इतिहासको विभिन्न कालखण्डमा राष्ट्रको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने आदरणीय महान् सहिदहरूको सम्मानपूर्वक हार्दिक नमन र स्मरण गर्दै उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै जनयुद्ध, जनआन्दोलन, जातीय आन्दोलन, महिला आन्दोलन, मधेश आन्दोलन लगायतका मुक्तिका संघर्षहरू तथा प्रजातन्त्रको पुनःस्थापना, लोकतन्त्रको बहाली र संघीय नेपाल निर्माणका क्रममा अङ्गभङ्ग भएका घाइते, अपाङ्गको शीघ्र स्वास्थ्य लाभको कामना र बेपत्ता भएका तथा पारिएका व्यक्ति र परिवारप्रति आजको यस ऐतिहासिक सभामार्फत गहिरो दुःख र समानुभूति व्यक्त गर्दै पुनः स्मरण गर्न चाहन्छु । मुलुकको राजनीतिक आर्थिक एवं सामाजिक परिवर्तनमा युगान्तकारी रुपमा नेतृत्वदायी भूमिका खेल्नु हुने अग्रज राजनेताहरूप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२. यस सुनापती गाउँपालिकाको नाममा यसै सुनापती गाउँपालिकाकेन्द्र हिलेदेवी स्थायी निबासी सगरमाथाजस्तै उच्च शिर र पृथ्वी जत्तिकै विशाल छाती भएका आदरणीय महान् मन जग्गादाताहरुले ८२ रोपनीभन्दा माथि निःशुल्क जग्गा दान गर्नु भएको छ । उहाँ सम्पूर्ण जग्गादाताहरुप्रति यस सुनापती गाउँपालिका सम्पूर्ण परिवार हार्दिक नमन र विशेष धन्यवाद प्रकट गर्दै उहाँ जग्गादाताहरुलाई ताम्रपत्र सहितको सम्मानपत्रले उच्च सम्मान गर्ने व्यवस्था मिलाइनेछ । साथै ती महान् जग्गादाता मनहरुको नामावली गाउँपालिकाको प्राङ्गणमै अमीट ताम्रपत्र सहितको स्मारक निर्माण गर्न उचित स्रोतको व्यवस्था मिलाएको छु ।

३. स्थानीय सरकार गठन भएको लगभग १ वर्ष मात्र भएको छ । यो छोटो समयमै धेरै महत्वपूर्ण कार्यहरू अगाडि बढेका छन् । यस क्रममा यस स्थानीय सरकारको तर्फबाट आर्थिक वर्ष २०७४/०७५ को आय व्यय विवरण पेश एवं कार्यान्वयन भइरहेको छ । नेपालको संविधानले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य लिएको छ र सोही लक्ष्य प्राप्तिको लागि नेपालको संघीय सरकार, प्रदेश सरकार र हामी स्थानीय सरकार आफ्ना क्रियाकलाप सञ्चालन गरिहेका छौं । **आदरणीय सभाध्यक्ष महोदय** विविध कारणले हामीले चालु आ.व.मा जनतासँग प्रत्यक्ष सरोकार राख्ने विकास कार्यक्रमहरू बजेटमा समावेश गर्न सकेनौं कि भन्ने हामी स्थानीय सरकारलाई अनुभूत भएको विषय हो । यद्यपि आज प्रस्तुत हुने आगामी आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रम र बजेटले यसको खाडल पूर्ति गर्नमा भरपूर सघाउन पुऱ्याउनेछ भन्नेमा हामी स्थानीय सरकार पूर्ण आसावादी र विश्वस्त छौं ।

**आदरणीय सभाध्यक्ष महोदय,**

४. आज मिति २०७५ साल असार ३१ गते यस सुनापती गाउँपालिकाका अध्यक्षज्यूको अनुमतिले उपाध्यक्षको हैसियतले म गीता विष्ट आगामी आ.व.२०७५/०७६ को राजस्व र व्ययको विवरण (बजेट) प्रस्तुत गर्न यस गरिमामय सभा समक्ष उभिएको छु ।

५. संघ, प्रदेश र स्थानीय तह आ-आफ्नो स्थानमा अधिकार सम्पन्न छन् । संविधान अनुसार यी तीन तहका सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानुन बनाउने, नियमन गर्ने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्छन् । यी तीनै तहका सरकार एक अर्काका प्रतिस्पर्धी होइनन् बरु परिपूरक हुन् । यी तीनै तह मिलेर देशको विकास गर्ने हो, सुशासन र समृद्धि हासिल गर्ने हो । सबै किसिमका समस्याहरूको समाधान मिलेर गर्ने हो । प्रतिस्पर्धात्मक विकास र उन्नतिको ढोका खोल्ने हो । संघीयता कार्यान्वयनको सवालमा हामी विलकुल नयाँ, नौलो र शैशवाकाल अवस्थामा छौँ । अब यसबाट सिक्दै जाने र कमी कमजोरी भएको अवस्थामा सच्याउँदै जाने पनि हो ।

६. नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीलाई परिपक्व गर्न सुनापतीका जनताको विकासको भोक सम्बोधन गर्ने सवालमा यस स्थानीय सरकारले आफ्नो क्षमताको प्रयोगमा कुनै कसुर बाँकी राख्न र सम्झौता गर्न चाहँदैन । वर्तमान परिस्थितिको धरातलमा बसेर हिजोका सिकाइहरूलाई आत्मसात गर्दै भोलिका आवश्यकतालाई योजना र मापदण्डको सीमाभित्र राखी समृद्ध सुनापती निर्माण गर्ने महान् अभियानमा स्थानीय सरकार महत्वपूर्ण योगदान गर्न चाहन्छ ।

७. गाउँपालिकाभित्र हामीले सम्बोधन गर्नु पर्ने विषयहरू धेरै छन् । हामी स्थानीय सरकारप्रति जनताको अपेक्षा पनि बढेको छ । हामीले छनौट गर्ने हरेक नीति, योजना तथा कार्यक्रमले जनताका अपेक्षाहरूलाई सम्बोधन गरेको हुनु पर्दछ । त्यसैले सम्भाव्यता अध्ययन प्रतिवेदन, विस्तृत परियोजना अध्ययन प्रतिवेदन (डि.पि.आर.) तथा प्राविधिक ड्रइङ, डिजाइन र लागत अनुमान तयार भएका योजनालाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै जाने एवम् विभिन्न कार्यक्रम मार्फत जनताका मागहरूका आधारमा छनौट गरिएका योजना तथा कार्यक्रमहरूलाई गाउँपालिकाको सीमा, प्राथमिकता एवम् कार्यक्षेत्रको आधारमा छनौट गर्ने नीतिका साथ आगामी आ.व.२०७५/०७६ को बजेट तर्जुमा गरिएको छ ।

## आदरणीय सभाध्यक्ष महोदय,

८. स्थानीय सरकारबाट नेपालको संविधानको मर्म अनुसार संघीय शासन प्रणाली कार्यान्वयनका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन् । तीन तहको सरकार मध्ये स्थानीय सरकारको उपाध्यक्षको हैसियतले आगामी आ.व.२०७५/०७६ को बजेट निर्माण गरिरहँदा यस सुनापती गाउँपालिकालाई समुन्नत, समृद्ध र आत्मनिर्भर बनाउने नीति, कार्यक्रम र योजनाहरू प्राथमिकताका साथ तयार गर्ने प्रयास गरेको छु । योजना तथा कार्यक्रमहरू तयार गर्दा परम्परागत एवम् निरन्तरताको अभ्यास भन्दा माथि उठेर जनताबाट प्रत्यक्ष माग भएका योजना तथा कार्यक्रमहरूलाई उच्च महत्वका साथ यस बजेटमा समावेश गरेको छु । अवको हाम्रो यात्रा समृद्धि सहितको समाजवाद नै हो । नेपालको प्रचलित ऐन, कानुन, हाम्रो गाउँपालिकाको आफ्नै मूल्य मान्यता, यहाँको भूगोल, माटो, हावापानी, भौगोलिक अवस्थिति र आम जनताको आकाङ्क्षा र चाहनालाई आत्मसात गरी प्रस्तुत बजेट तर्जुमा गरिएको व्यहोरा समेत सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

९. मैले यहाँ पेश गरेको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा यस गाउँकार्यपालिका र गाउँपालिकाका आदरणीय सदस्यहरूबाट प्राप्त भएका अमूल्य सुझावहरूलाई उच्च महत्वका साथ यस बजेटको अङ्गको रुपमा आवद्ध गरेको छु । माननीय, पूर्व माननीयज्यूहरु लगायत यस गाउँपालिकामा रहेका बुद्धिजीवी, विद्यार्थी, निजी क्षेत्रका विषयविज्ञहरू, विभिन्न सामाजिक संघसंस्थाहरू, वडागत रुपमा भएका अन्तर्क्रियामा सहभागी स्थानीय प्रतिनिधि तथा स्थानीयबासी एवम् नागरिक समाज तथा विकासप्रेमीबाट प्राप्त भएका महत्वपूर्ण सल्लाह सुझावहरूलाई समेत बजेट तर्जुमाको आधार बनाएको छु ।

१०. आगामी आ.व.२०७५/०७६ को बजेट तयार गर्दा यस गाउँपालिकाका ५ वटै वडा एवम् ती वडाका सम्पूर्ण टोलबस्तीलाई सन्तुलित व्यवहारको नीति अवलम्बन गरेको छु । स्थानीय सीमित स्रोत र साधनलाई उच्च प्राथमिकता एवम् उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा केन्द्रित गर्ने नीति समेत लिएको छु । समग्रमा ***"समृद्ध सुनापतीको आधार : सुशासनयुक्त सक्षम स्थानीय सरकार"*** भन्ने नीतिलाई सफलीभूत पार्न आवश्यक नीतिगत प्रबन्ध मिलाएको छु ।

११. विविध भौगोलिक अवस्थिति, सामाजिक-सांस्कृतिक मूल्य मान्यता, हाम्रो सुनापतीको शिक्षा तथा चेतनाको स्तर, पर्याप्त दक्ष जनशक्तिको अभाव, सीमित स्रोत साधन, नीतिगत, संस्थागत र मानव शंसाधन विकासका दृष्टिकोणले सक्षम भइ नसकेकाले अझै विकास र समृद्ध सुनापती निर्माण चुनौतिपूर्ण छ । यसले गर्दा गाउँपालिकास्तरीय काम कारबाही प्रभावित भएका छन् । योजना व्यवस्थापनको पक्ष चुनौतिपूर्ण रहेको छ । Doing by Learning गर्दै र सिक्दैको अवधारणामा अघि बढी रहँदा समन्वय, सहकार्य र समझदारीका विषयमा पक्कै पनि हामीसँग केही अन्यौलता रहे । यद्यपि आगामी आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रम र बजेटबाट यो अन्यौलता चिर्दै ***"आफ्नै स्थानीय सरकार : आफूले भरोसा गरेको सरकार"***को रुपमा स्थानीय जनताबाट अपेक्षा र विश्वास गरिनुलाई हामीले उच्च महत्व दिएका छौँ । हामी माथिको यो सम्मानजनक विश्वास एवं भरोसालाई सार्थक बनाउन सकारात्मक तरिकाले अघि बढ्न चाहन्छौँ भन्ने व्यहोरा सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

१२. आगामी आ.व.२०७५/०७६ को राजस्व र व्ययको अनुमान सहितको यस विवरण चौधौं योजना, दीगो विकासको लक्ष्य सहित सन् २०३० सम्म नेपाललाई नै मध्यम स्तरीय आय भएको मुलुकमा स्तरोन्नति गर्ने एवं मुलुकको समग्र आर्थिक वृद्धिलाई बढावा दिई ***"सुखी नेपाली : समृद्ध नेपाल"*** बनाउने नेपालको संघीय नीतिलाई टेवा पुऱ्याउन उक्त चौधौं योजना, दीगो विकासको लक्ष्य सहित सन् २०३० सम्म यस सुनापती गाउँपालिकालाई ***समृद्ध, सुशासनयुक्त र सक्षम*** बनाउने महान् उद्देश्यका साथ आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रमहरूद्वारा परिलक्षित रहेको व्यहोरा समेत सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अव म चालु आ.व.को राजस्व र खर्चको विषयमा सुनापती गाउँपालिकाको अवस्थाको विवरण संक्षिप्त रुपमा अवगत गराउन चाहन्छु :-

१३. बजेटमा व्यवस्था भए बमोजिम चा.लु आ.व.२०७४/०७५ का लागि संघीय सरकारबाट प्राप्त हुन आएको सुरु सशर्त अनुदान (कृषि, स्वास्थ्य, पशु र शिक्षा तर्फको वार्षिक नीति तथा कार्यक्रम र चालु प्रकृतिका खर्च : तलब भत्ता आदि) रु.८ करोड ९३ लाख ८० हजार प्राप्त भएको र शिक्षकहरूको नपुग तलब भत्ता तथा स्वास्थ्य शाखाको कर्मचारीहरूको नपुग तलबभत्ता वापत थप रकम रु.१ करोड ५६ लाख ४८ हजार गरी जम्मा रु.१० करोड ५० लाख २८ हजार र आ.व.२०७३/०७४ को अल्या रु.५५ लाख ७ सय ६८ रुपियाँ पैसा पचास र वित्तीय समानीकरण निशर्त अनुदानतर्फ १३ करोड ८७ लाख २३ हजार गरी जम्मा रु.१४ करोड ४२ लाख २३ हजार ७ सय ६८ पैसा ५० तथा आन्तरिक आय तथा राजस्व तर्फको ९ लाख ७५ हजार प्रक्षेपण गरिएकोमा मुस्किलले रु.१ लाख ८६ हजार ६ सय ५७ पैसा ६१ मात्र साथै संघीय सरकार/भूमि कर (मालपोत) मार्फत प्राप्त हुने भनिएको रु.१ लाख ५० हजार मात्र प्राप्त गर्न सकिने संशोधित अनुमान भए तापनि सो शीर्षकबाट यस स्थानीय तहलाई बजेट प्राप्त नभई जम्मा रु.२५ करोड ३ लाख ७६ हजार ७ सय ६८ पैसा ५० भएको र रु.१ करोड ७४ लाख ३७ हजार २ सय ४४ पैसा ५० खर्च हुन बाँकी रही बचत हुन आएको आय व्ययको विवरण तयार भई कार्यान्वयन समेत भएकाले सोको समग्र नतिजा यसै चालु आ.व.मा भएको अपेक्षा गरेको छु । चालु आ.व.को स्थानीय सञ्चित कोषमा संशोधित अनुमान बाँकी बचत रकम रु.१ करोड ७४ लाख ३७ हजार २ सय ४४ पैसा ५० हुने देखिएको छ । जुन रकम आगामी आ.व.२०७५/०७६ को आम्दानी स्रोतको रुपमा हिसाब मिलान गरी वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने व्यवस्था मिलाएको छु । चालु आ.व.मा यस सुनापती गाउँपालिकाको स्थानीय सरकारले उल्लेखित बचत रकमबाट कुनै गैरबजेटरी रकम विनियोजन नगरिएको व्यहोरा समेत सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

१४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस सुनापती गाउँपालिकाको स्थानीय सरकारमा हाल रहेको अन्तरिम संगठन संरचनालाई परिमार्जन गरी नयाँ संगठन संरचना प्राप्त भइसकेको छ । हालको आवश्यकतालाई संबोधन गर्ने गरी पर्याप्त कर्मचारी व्यवस्थापनका लागि दरबन्दी स्वीकृत भइसकेकाले ती कर्मचारीहरूको परिचालनबाट आगामी आ.व.को बाँकी काम थप प्रभावकारी ढङ्गले सम्पन्न हुने अपेक्षा गरेको छु ।

## आदरणीय सभाध्यक्ष महोदय,

१५. सुनापती गाउँपालिकाको स्थानीय सञ्चित कोष राष्ट्रिय बाणिज्य बैंकको शाखा कार्यालय, मन्थलीबाट मात्र सञ्चालन भइरहेको छ । आगामी आ.व.मा नेपाल सरकारको नीति अनुरुप सुनापती गाउँपालिकाको केन्द्र हिलेदेवीबाट नै वाणिज्य बैंकको शाखा स्थापना भई गाउँपालिकाको समग्र वित्तीय कारोबार सञ्चालनमा आउने अपेक्षा गरेको छु ।

१६. यस सुनापती गाउँपालिकाका ५ वटा वडाको केन्द्रसम्म आउने सडकको ट्रयाक खोल्ने कार्य र बाह्रै महिना चल्न सक्ने अवस्थाको सिर्जना गरिएको छ र यी सामरिक महत्व राख्ने सडकहरूको डि.पि.आर. कार्य सम्पन्न भई आगामी आ.व.मा थप स्तरोन्नति गर्न आवश्यक बजेटको समेत व्यवस्था गरेको छु ।

१७. चालु आ.व.२०७४/०७५ मा सुनापती गाउँपालिका क्षेत्रभित्र कुनै पनि लगानी भित्रन नसकेको अवस्था भए तापनि आगामी आ.व.मा उपयुक्त वातावरण सिर्जना गर्न सकेमा कृषि, पर्यापर्यटनको क्षेत्रमा लगानी भित्रने प्रशस्त सम्भावना रहेको देखिन्छ ।

१८. आगामी आ.व.को बजेट प्रस्तुत गर्दा आफ्नै आर्थिक सर्वेक्षणका आधारमा तथ्याङ्कीय विवरण प्रस्तुत गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

१९. अव म आगामी आर्थिक वर्षको बजेटको उद्देश्यहरूलाई निम्न बमोजिम प्रस्तुत गर्दछु :-

क) सुनापती गाउँपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा कार्यालयहरूको क्षमता वृद्धि गर्दै सुनापती गाउँपालिकालाई संस्थागत र दीगो बनाउने,
ख) सशक्त कार्यक्रम र प्रभावकारी कार्यान्वयन गर्ने,
ग) मागमा आधारित सन्तुलित योजना तथा कार्यक्रम सञ्चालन गर्ने,
घ) उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
ङ) आय आर्जन र सीप विकासका माध्यमबाट रोजगारी अभिवृद्धि गर्ने
च) नतिजाकेन्द्रित अनुगमन प्रणालीको व्यवस्था गर्ने,
छ) सुनापती गाउँपालिकालाई कृषिमा आत्मनिर्भर गराई कृषिमा आधारित औद्योगीकरणतर्फ उन्मुख गराउने ।

२०. आ.व.२०७५/०७६ का लागि स्रोत बाँडफाँट गर्दा निम्न विषयहरूलाई प्राथमिकतामा राखी बाँडफाँट गरको छु :-

क) कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण,
ख) पर्यटन प्रवर्द्धन र विकास
ग) पूर्वाधार विकास
घ) स्वास्थ्यमा सरल र सहज पहुँच
ङ) गुणस्तरीय वैज्ञानिक प्राविधिक शिक्षा प्रणालीको विकास
च) वन र वातावरण संरक्षण
छ) कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि
ज) साझेदारी कार्यक्रम सञ्चालन
ञ) सिटी मार्केट तर्फ उन्मुख

**आदरणीय सभाध्यक्ष महोदय,**
अव म संघीय सरकार र प्रदेश सरकारबाट वित्तीय व्यवस्था अनुसार यस सुनापती गाउँपालिकालाई प्राप्त भएको अनुदान रकम विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु :-

**समानीकरण अनुदान**

२१. संघीय सरकारबाट प्राप्त अनुदान रु.११ करोड १८ लाख र प्रदेश सरकारबाट प्राप्त अनुदान रु.७७ लाख ७८ हजार गरी जम्मा रु.११ करोड ९५ लाख ८८ हजार प्रस्तुत हुने विनियोजन विधेयकमा समावेश गरेको छु । उल्लेखित नीति तथा कार्यक्रम क्षेत्राधिकार भित्रका गाउँपालिकाका विषयगत शाखाहरू तथा वडाकार्यालय मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

## सशर्त अनुदान

२२. संघीय सरकारबाट प्राप्त अनुदान रु.१३ करोड ३५ लाख र प्रदेश सरकारबाट प्राप्त अनुदान रु.२ करोड ५४ लाख ८८ हजार गरी जम्मा रु.१५ करोड ८९ लाख ८८ हजार प्रस्तुत हुने विनियोजन विधेयकमा समावेश गरेको छु । उल्लेखित नीति तथा कार्यक्रम र योजनाहरू क्षेत्राधिकार भित्रका गाउँपालिकाका विषयगत शाखाहरू मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

## राजस्व बाँडफाँटबाट प्राप्त अनुदान

२३. नेपाल सरकार, अर्थ मन्त्रालय अन्तरसरकारी वित्त व्यवस्थापन महाशाखाबाट यस गाउँपालिकाको प्रशासनिक खर्च (कर्मचारीको तलबभत्ता तथा जनप्रतिनिधिहरूको पारिश्रमिक र भत्ता लगायत मसलन्द खर्च र केही चालु प्रकृतिका पूँजीगत खर्च विशेषगरी गाउँकार्यपालिकाको कार्यालय र वडाकार्यालयको सफ्टवेयर डेभलपमेन्ट कार्यक्रम) का लागि रु.५ करोड ६ लाख ९७ हजारको थपघट हुन सक्ने गरिको निर्देशन सहित बजेट सिलिङ्ग प्राप्त भएको छ । उक्त बजेट सिलिङ्गलाई घट्न नदिई बरु वृद्धिका लागि आवश्यक पहल गरी विनियोजन विधेयकमा समावेश गर्ने व्यवस्था मिलाउनेछु । उल्लेखित बजेट सिलिङ्गलाई क्षेत्राधिकार भित्रका गाउँपालिकाका विषयगत शाखाहरू र वडाकार्यालयहरू मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

## आदरणीय सभाध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७५/०७६ को कार्यक्रम तथा विनियोजन विवरण यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न चाहन्छु :-

## आर्थिक विकास

२४. आर्थिक विकासका क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय व्यवस्था क्षेत्रलाई रु.१ करोड १० लाख विनियोजन गरेको छु ।

### कृषिमा आधुनिकीकरण, यान्त्रीकरण र विविधीकरण

२५. गाउँपालिकाको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र कृषकको अनुभव तथा आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दीगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षामा सुनिश्चितता गर्न सकिने विद्यमान सम्भावनालाई मध्यनजर गरी निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्पर्धात्मक

र आधुनिक प्रविधिमैत्री प्रणालीमा रुपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन तपसिलका कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेको छु :-

२६. गाउँपालिकास्तरीय एक **शीत भण्डार**को निर्माण गरी उत्पादित तरकारी तथा फलफूलको संरक्षण गर्दै कृषकको आय आर्जनमा वृद्धि गर्ने सोचका साथ आवश्यक बजेटको विनियोजन गरेको छु ।

२७. यस गाउँपालिका भित्रका सबै वडाहरूमा नमूनाको रुपमा माटो परीक्षण गरी कृषिमा आत्मनिर्भर गराउन सम्भाव्यताका आधारमा कृषि पकेट कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२८. पशु पालन व्यवसायमा आधुनिकीकरण र यान्त्रीकरण मार्फत कृषकहरूको आम्दानी सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।

२९. **पशु आहार र स्याहार : युवा स्वरोजगार तथा आयआर्जनको आधार** कार्यक्रम मार्फत पकेट क्षेत्रहरूको पहिचान गरी भुइँ तथा डाले घाँसको ब्लक स्थापना गरी पशु पालनमा गाउँपालिकालाई आत्मनिर्भर बाउने नीति अवलम्बन गरिनेछ ।

३०. यस गाउँपालिकामा आगामी आर्थिक वर्षमै सञ्चालित हुने गरी यसै गाउँपालिकाको ५ वटै वडामा कृषि लगायत प्राविधिक धारका शिक्षालयको स्थापना गर्न पहल गरिनेछ ।

३१. ५ वर्ष भित्र पालिकाको २ र ३ नं. वडाको अलैंची उत्पादन हुने क्षेत्र छुट्याई २०० घरपरिवारलाई व्यवसायिक किसान बनाई विदेशी मुद्रा भित्रयाउने उद्देश्यले यसै वर्षदेखि व्यवसायिक अलैंची उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याइनेछ ।

३२. एक घर एक फलफुल रोप्ने कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

३३. फलफूल खेतीवाट कृषकले आर्थिक लाभ लिई व्यवसायिक बन्ने सम्भावना भएको हुँदा प्रथामिकता र सम्भावनाको आधारमा कृषकको पाखो र बाझो जग्गाहरूमा फलफूल खेती गर्न फलफूल प्रवर्द्धन कार्यक्रम अर्न्तगत आँप, लिच्ची, सुन्तला, कागती, किवी, स्याउ, नासपाती लगायतका निर्यातयोग्य फलफूल विरुवा रोप्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३४. गाउँपालिकालाई १० वर्ष भित्र प्राङ्गारिक गाउँपालिका बनाउन यसै वर्षदेखि प्राङ्गारिक मल उत्पादन गर्न गड्यौले मल उद्योग सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु ।

३५. भूगोल र हावापानी अनुसार सिंचाइ र सम्भावनाको आधारमा निर्यातमुखी तरकारी उत्पादनको लागि व्यवसायिक तरकारी उत्पादन कार्यक्रम, अभियानमुखि प्याज, आलु, खुर्सानी उत्पादन मिसन कार्यक्रम सञ्चालन गर्न विशेष बजेटको व्यवस्था गरेको छु ।

३६. हावापानीको विविधताको आधारमा च्याउ खेती र मौरी पालन व्यवसायको सम्भावनालाई मध्यनजर गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३७. बेसार पकेटक्षेत्र निर्धारण गरी आ.व.२०७४/०७५ देखि नै सञ्चालन गरिएको बेसार पकेट कार्यक्रम अन्तर्गत अदुवा र बेसार कार्यक्रमका लागि थप बजेटको व्यवस्था गरेको छु।

३८. कृषिमा रहेको राष्ट्रिय दिवस मनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

३९. कृषिलाई स्वरोजगारमुखी बनाउन कृषकको मागमा आधारित विभिन्न विषय सम्बन्धी अल्पकालीन र दीर्घकालीन तालिमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४०. यस गाउँपालिकाको विकासको मेरुदण्ड नै कृषि भएकाले किसानलाई कृषिमा बीमा कार्यक्रम तथा उत्पादनमा आधारित अनुदानको छुट्टै व्यवस्था गरेको छु।

४१. आलु उत्पादन तथा बिउ स्रोत व्यवस्थापन आयोजनाको रुपमा कृषकलाई ढुवानी अनुदान र ५० प्रतिशत अनुदानमा बिउ आलु वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४२. खाद्यान्नमा आत्मनिर्भर हुन गाउँपालिकामा खाद्यान्नको बिउमा ५० प्रतिशतसम्म अनुदान दिने तथा खाद्यान्नको बिजवृद्धि कार्यक्रम गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

४३. गाउँपालिकालाई कृषि पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य लिई एकीकृत कृषि प्रणालीमा आधारित खेती गर्ने किसानलाई थप सहुलियत तथा अनुदानको व्यवस्था गरेको छु।

४४. जैविक विविधताको संरक्षण र संवर्द्धन गर्न स्थानीय लोप हुने जातको बालीको खेतीलाई अनुदानको व्यवस्था मिलाएको छु।

४५. सुनापती गाउँपालिकामा पर्यटक भित्रयाउन यसै वर्ष गैरसरकारी संघसंस्था लगायत साझेदारी कार्यक्रमका आधारमा बृहद् गाउँपालिकास्तरीय कृषि मेला प्रदर्शनी आयोजना गर्ने व्यवस्था मिलाएको छु।

## पर्यटन पूर्वाधार सुनापती गाउँपालिकाको विकास र समृद्धिको आधार

४६. डोग्मा स्वाँरा सुनापती करिडोर कृषि पर्यटन प्रवर्द्धनका लागि वैज्ञानिक कृषि प्रणालीका माध्यमबाट चिया तथा फलफूलको सम्भाव्यता अध्ययन गरी थप कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

४७. धार्मिक तथा पर्यापर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याई जनताको आयआर्जनमा वृद्धि गर्दै जीवनस्तर उकास्नका लागि कुशेश्वर महादेव स्थान, दुम्जाबेँसीदेखि सुनापती डाँडासम्म केवलकार आयोजना सञ्चालनका लागि आगामी आर्थिक वर्षबाटै सम्भाव्यता अध्ययनको कार्य थालनी गरिनेछ। सोका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ।

## साना तथा घरेलु उद्योग

४८. यस गाउँपालिकाभित्र रहेका खानीहरूको अध्ययन, अनुसन्धान, उत्खनन, प्रशोधन तथा प्रवर्द्धनका लागि विशेषज्ञहरूद्वारा पहिचान गर्ने व्यवस्था मिलाइनेछ।

४९. उद्यमशीलता र स्वरोजगारलाई आय आर्जनमा केन्द्रित गर्न युवाहरूलाई अल्पकालीन र दीर्घकालीन तालिमको व्यवस्था मिलाइनेछ । साथै वैदेशिक रोजगारमा रहेका युवाहरूलाई गाउँपालिकामै लगानी गर्न उचित वातावरण सिर्जना गरिनेछ ।

५०. साना तथा लघु उद्यम मार्फत रोजगारी प्रवर्द्धन गरी सीपयुक्त जनशक्तिको विकास गर्दै युवाहरूको विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्न स्वरोजगारीमा आधारित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

५१. लगानी प्रवर्द्धन गर्न विप्रेषण, सहकारी एवं निजी क्षेत्रसँग रहेको पूँजी र प्रविधिलाई उत्पादनमूलक क्षेत्र तथा उद्योगमा लगानी गरी रोजगारी सिर्जना एवं आर्थिक विकासमा टेवा पुऱ्याउने क्रियाकलाप सञ्चालन गरिनेछ ।

## भूमि व्यवस्था, सहकारी र वित्त तथा वाणिज्य

५२. भूमिहीन तथा सुकुमबासी पहिचान गरी आवासीय सुविधाको व्यवस्था गर्न पहल गरिनेछ ।

५३. खेतीयोग्य जमिनको पहिचान गरी सिंचाइ प्रणाली र सुविधालाई व्यापक बनाइनेछ ।

५४. गाउँपालिकामा सञ्चालित सहकारी संस्थाहरूको स्पष्ट लगत तयार पारी उत्पादनमूलक सहकारी संस्था तथा कृषि सहकारी संस्थाहरूलाई प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम गर्न स्रोतको प्रबन्ध गरेको छु ।

५५. गाउँपालिका क्षेत्रभित्र सञ्चालित विभिन्न वाणिज्य व्यापार व्यवसाय, कलकारखाना, उद्योगधन्दा, होटल, पसल, कोल्ड स्टोर आदिलाई आगामी आ.व.बाट नियमन, नियन्त्रण र व्यवस्थापनको दायरामा ल्याउन अनिवार्य व्यवसाय दर्ता तथा इजाजत पत्र (प्यान, भ्याट आदि) प्रणालीमा आबद्ध गर्न विशेष पहलका कार्यक्रममा जोड लिन आवश्यक व्यवस्था मिलाएको छु ।

## संकृति प्रवर्द्धन

५६. गाउँपालिकाका धार्मिक तथा सांस्कृतिक र पुरातात्विक महत्वका गुम्बा, मठ मन्दिर, पाटीपौवा, चौतारा आदिको संरक्षण र संवर्द्धन तथा जिर्णोद्धारका लागि आवश्यक कार्यक्रम तथा योजना कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक आदि)

५७. दलित, अपाङ्ग तथा अल्पसंख्सक बालबालिकाका लागि विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।
५८. जेष्ठ नागरिकहरूका लागि विशेष सम्मानजनक कार्यक्रम सहित अल्जाइमर्स (मानसिक) चेतना दिवस कार्यक्रम आयोजनाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
५९. बालबालिका माथि हुने शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहार न्यूनीकरणका लागि चेतनामूलक तालिम कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६०. बालबालिकाहरूका खेलकुदका सामग्री सहित गाउँपालिकास्तरीय अन्तर विद्यालय खेलकुद कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६१. विपद्मा परेका बालबालिकाहरूको उद्धार तथा पुनःस्थापना कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेको छु ।

६२. महिला तथा बालबालिकाका लागि संवैधानिक व्यवस्था अनुरुप संघीयता र स्थानीय सरकारको भूमिका, काम, कर्तव्य र अधिकार विषयक कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६३. आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, एकल महिला, भिन्न क्षमता भएका व्यक्ति, दलित, आदिवासी जनजाति एवं विभिन्न वर्ग, क्षेत्र तथा समूहको विकासका लागि आयमूलक र सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६४. भिन्न क्षमता भएका व्यक्तिहरूलाई लक्षित गरी चेतनामूलक कार्यक्रम सञ्चालन एवम् सहज जीवन यापनका लागि आवश्यक यन्त्र उपकरण व्यवस्था गर्न स्रोत व्यवस्थापन गरेको छु ।

६५. लोकतन्त्र र सामाजिक रुपान्तरणको अभियानमा निरन्तर ४० वर्षसम्म योगदान गरेका व्यक्तिहरूलाई सम्मान र प्रोत्साहन गरिनेछ ।

६६. गैरसरकारी संघसंस्थाबाट सञ्चालित कार्यक्रमहरूलाई कार्यसम्पादन र मूल्याङ्कनका आधारमा नियमिति गर्ने नीति लिइनेछ ।

६७. लैङ्गिक समानता, महिला सहभागिता र शसक्तीकरण वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

## सामाजिक विकास

६८. सामाजिक विकासका क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक, पिछडिएको क्षेत्र र समुदाय) का लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्न रु.२,५०,००,०००।- (अक्षरुपी दुई करोड पचास लाख) बजेट विनियोजन गरेको छु ।

## शिक्षा

६९. मन्टेश्वरी विधिबाट कक्षा सञ्चालन गर्न क्रमशः पाँच वर्षभित्र कक्षा ५ सम्म सञ्चालनार्थ सम्बन्धित शिक्षक शिक्षिकालाई आवश्यक तालिमको व्यवस्था मिलाएको छु ।

७०. विद्यार्थीको सिकाइ उपलब्धी वृद्धिका लागि विषयगत तालिम, सरोकारवालाहरूसँग अन्तर्क्रिया, आधुनिक प्रविधिको (ICT) प्रयोगमा जोड दिइने व्यवस्था गरेको छु ।

७१. बालमैत्री विद्यालय स्थापनामा जोड दिई यस वर्ष एक विद्यालयमा नमूना विद्यालय निर्माण कार्यक्रम लागू गर्ने प्रबन्ध मिलाएको छु ।

७२. परीक्षा प्रणालीमा एकरुपता कायम गर्न कक्षा ३, ५ र ८ को परीक्षा गाउँपालिकास्तरीय परीक्षा सञ्चालन गरिनेछ ।

७३. गरिब तथा जेहेनदार छात्रछात्रा क्रमशः १/१ जना विद्यार्थीलाई प्रत्येक वर्ष सामुदाायिक सरकारी विश्वविद्यालयमा उच्च शिक्षाका लागि प्रोत्साहन स्वरुप आर्थिक सहयोगको व्यवस्था गरेको छु ।

७४. शिक्षामा क्षमता अभिवृद्धिका लागि सरोकारवालाहरूलाई क्षमता विकास तालिमको व्यवस्था मिलाएको छु ।

७५. स्वच्छ र सफा विद्यालय कार्यक्रमका लागि विशेष प्रोत्साहन अनुदान व्यवस्था मिलाएको छु ।

७६. सुनापती गाउँपालिकाको शैक्षिक गुणस्तर कायम गर्नका लागि प्रभावकारी अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाएको छु । यसर्थ अनुगमनबाट प्राप्त मूल्याङ्कनका आधारमा सम्बन्धित विद्यालयहरूलाई पुरस्कार र दण्डको व्यवस्था मिलाएको छु ।

७७. विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउन आफ्ना छोराछोरी विद्यालय नपठाई शिक्षाको अवसरबाट वञ्चित गर्ने अभिभावकलाई गाउँपालिकाबाट उपलब्ध हुने सेवा सुविधामा कटौति गर्ने नीति अवलम्बन गर्ने प्रबन्ध मिलाएको छु ।

७८. भूकम्पबाट क्षतिग्रस्त विद्यालयहरूको पुनःनिर्माणमा विशेष जोड दिइनेछ ।

## स्वास्थ्य

७९. प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रम मार्फत ३ वटा सामुदायिक स्वास्थ्य इकाइको व्यवस्था मिलाएको छु ।

८०. महिला स्वास्थ्य स्वयम्सेविकाहरूको आय आर्जन वृद्धि गरी उनीहरूको जीवनस्तर माथि उठाउनका लागि प्रत्येक वडामा रु. एक लाखका दरले अक्षय कोषको व्यवस्था मिलाएको छु । साथै यातायात खर्च वापत प्रत्येक महिला स्वयम् सेविकालाई मासिक ५००।- रुपियाँको व्यवस्था मिलाएको छु ।

८१. बेथानमा रहेको एम्बुलेन्स सम्भव भए सम्म मर्मत सम्भारका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु । उक्त एम्बुलेन्स मर्मत सम्भार नहुने भएमा गाउँपालिकास्तरीय एक एम्बुलेन्स सेवा उपलब्ध गराउनका लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।

८२. स्वास्थ्यमा जटिल समस्या उत्पन्न भई काठमाडौं रिफर भएका बिरामीहरूको साथमा एक जना स्वास्थ्यकर्मी केयर गिभरका रुपमा उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

८३. **नवजात शिशु र सुत्केरी : घरमै एक स्वास्थ्यकर्मी** कार्यक्रम अन्तर्गत २८ दिनभित्रका सुत्केरी तथा नवजात शिशुको स्वास्थ्य अवस्थाको जानकारी लिन एक जना स्वास्थ्यकर्मी घरमा पठाउन आवश्यक व्यवस्था मिलाएको छु ।

८४. मुख स्वास्थ्य शिविर, जेनेरल स्वास्थ्य शिविर, मोतिबिन्दु तथा जलबिन्दु शिविर र करिब पाँच हजार जेष्ठ नागरिक उपचार खर्च कार्यक्रम, महिला स्वास्थ्य स्वयम् सेविका लक्षित विशेष कार्यक्रम अन्तर्गत एक महिला स्वास्थ्य स्वयम् सेविका एक झोला, स्वास्थ्य बीमा, अवलोकन भ्रमण तथा महिला स्वास्थ्य स्वयम् सेविका र धामीझाक्री लामा बीच पालिकास्तरीय अन्तर्क्रिया कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

८५. सुगर परिक्षण गर्न सबै स्वास्थ्य संस्थामा (Gluco Meter set), हिलेदेवी स्वास्थ्य चौकीमा गाउँपालिकास्तरीय एक ल्याव सेन्टर (प्रयोगशाला) स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८६. महिलाका लागि पाठेघर सम्बन्धी शिविर (Utero Vaginal Prolaps (UV) camp) तथा अनाथ बालबालिकाका लागि स्वास्थ्य परिक्षण तथा निःशुल्क न्यानो लुगा वितरण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८७. गाउँपालिकाका सबै स्वास्थ्य संस्थामा आधुनिक प्रविधिमैत्री बनाउनका लागि एक स्वास्थ्य संस्था एक कम्प्यूटर, एक पेन ड्राइभ लगायतको व्यवस्था मार्फत वेल फर्निसिङ्ग मार्फत स्वास्थ्य सेवालाई चुस्त दुरुस्त र प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८८. यस गाउँपालिकाका सबै स्वास्थ्य संस्थामा १२ महिना औषधि अभाव हुन नदिनका लागि निःशुल्क औषधि वितरण कार्यक्रमलाई आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

८९. **स्वस्थ सुनापती : नागरिक धनपती** कार्यक्रम अन्तर्गत फोहोरमैला तथा संक्रमण रहित स्वास्थ्य संस्था स्थापनार्थ संक्रमण निवारण तालिम तथा गोष्ठी र सामाग्रीहरू वितरणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

## खानेपानी तथा सरसफाइ

९०. **एक घर एक धारा : सुनापती सारा** कार्यक्रम अन्तर्गत स्वच्छ र नियमित खानेपानी आपूर्तिका लागि आवश्यक बजेट विनियोजन गरेको छु । साथै यो योजनालाई बहुवर्षीय योजनाका रुपमा कार्यान्वयन गरी दीगो बनाइनेछ ।

९१. स्वच्छ र हराभरा सुनापती कार्यक्रम अन्तर्गत आवश्यक रुपमा वडास्तरीय र गाउँपालिकास्तरीय सरसफाइ अभियान कार्यक्रमलाई विशेष जोड दिने नीति लिएको छु ।

## पूर्वाधार विकास

९२. पूर्वाधार विकासका क्षेत्र अन्तर्गत सडक तथा पुल (झोलुङ्गे पुल समेत), सिंचाइ, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्रको सन्तुलित र समन्यायिक विकासका लागि प्रभावकारी कार्यक्रम तथा योजना सञ्चालन गर्न रु.६,५०,००,०००।- (अक्षरुपी छ करोड पचास लाख) बजेट विनियोजन गरेको छु ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

९३. वन तथा भूसंरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन जस्ता कार्यक्रम र योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्न रु.६०,००,०००।- (अक्षरुपी साठी लाख) बजेट विनियोजन गरेको छु।

## वन संरक्षण

९४. **हरित सुनापती : सुनापतीको स्वास्थ्य र सम्पति** कार्यक्रम मार्फत कबुलियती वन, सामुदायिक वन तथा निजी वन लगायत यस गाउँपालिकाका सुख्खाग्रस्त क्षेत्र र नाङ्गा डाँडापाखाहरूमा बृहद् वृक्षारोषण कार्यक्रम यसै आ.व.मा सञ्चालन गर्ने गरी आवश्यक बजेट विनियोजन गरेको छु। साथै एक घर : एक विरुवाको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

९५. वातावरण र जलवायु अनुकूलनमैत्री विकासलाई प्राथमिकता दिइनेछ।

९६. सुनापती गाउँपालिकामा हुन सक्ने विपद् तथा जोखिमलाई मध्यनजर गरी बस्ती जोखिम, आगलागी, बाढी पहिरो, भूक्षय र भूकम्पबाट हुन सक्ने विपद्जन्य खतरालाई न्यूनीकरण गर्न र पूर्वतयारीका प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

## सुशासन तथा संस्थागत विकास

९७. मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तर निकाय समन्वय जस्ता क्षेत्रमा प्रभावकारी कार्यक्रम र योजना कार्यान्वयन गर्न रु.६०,००,०००।- (अक्षरुपी साठी लाख) बजेट विनियोजन गरेको छु।

९८. सुनापती गाउँपालिका स्थानीय सरकारले सम्पादन गर्ने सबै काम कारबाहीलाई जवाफदेही र पारदर्शी बनाइनेछ। अनिवार्य रुपमा नियमित प्रकाशन गर्नु पर्ने सूचनाहरू प्रकाशनमा उच्च महत्व दिइनेछ। सबै वडाहरूको विषयगत शाखाहरूको गतिविधिको जानकारीका लागि नियमित प्रकाशनको व्यवस्था मिलाइनेछ। यसका लागि गाउँपालिकाको कार्यालय लगायत प्रत्येक वडामा उजुरी तथा गुनासो पेटिका राखिनेछ। प्राप्त उजुरीहरूको तत्काल संबोधनका लागि उपयुक्त संयन्त्रको व्यवस्था मिलाइनेछ।

९९. स्थानीय निकायका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौँले स्वीकृत गरेको संगठन संरचना अनुसारको संस्थागत प्रबन्ध गर्न

१००. सहिद परिवार, बेपत्ता योद्धाको परिवार, घाइते, अपाङ्गलाई सुनापती गाउँपालिका स्थानीय सरकारले आय आर्जनमूलक सीपयुक्त तालिम कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

१०१. सहकार्यमूलक संस्कारको विकास गर्दै आपसी छलफल तथा राय सुझावको आधारमा अघि बढ्दै जनतालाई नजिकको सरकारको आभास दिलाइनेछ । यसका लागि **टोलटोलका जनतासँग अध्यक्ष कार्यक्रम** सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०२. यस सुनापती गाउँपालिकाभित्र मदिरा बिक्री वितरण र सेवनका लागि निश्चित प्रक्रिया, विधि र स्थान तोक्न आवश्यक नीतिगत व्यवस्था तत्काल मिलाइनेछ ।

१०३. स्थानीय सरकारको काम कारबाहीमा लोकतन्त्र, मानवअधिकार, सूचनाको हक र प्रेस स्वतन्त्रताको अवधारणालाई सम्मानजनक स्थान दिइनेछ ।

१०४. संघीय र प्रदेश कानुनसँग नबाझिने गरी स्थानीय तहले तर्जुमा गर्नु पर्ने भनी सूचीकृत भएका कानुनका मस्यौदाहरू प्राथमिकताका साथ तयार गरी गाउँसभामा पेश गरिनेछ । आगामी वर्षभित्रमा स्थानीय तहले तर्जुमा गर्नु पर्ने सबै कानुन निर्माण गरि सक्ने व्यवस्था मिलाइनेछ । सो कार्यका लागि कुनै पनि प्रकारको स्रोतको अभाव नहुने व्यवस्था मिलाएको छु ।

१०५. स्थानीय विपद् व्यवस्थापन कोषका लागि आवश्यक रकम विनियोजन गरेको छु । साथै विपद् व्यवस्थापनका लागि तत्काल आवश्यक पर्ने उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन गर्न स्रोतको प्रबन्ध गरेको छु ।

१०६. भूकम्प सम्बन्धी लाभग्राहीहरूको सूची र गुनासो छुट्न गएकोलाई यथाशीघ्र संबोधन गर्न प्रदेश र संघीय सरकारमा पहल गरिनेछ ।

१०७. स्थानीय तहको समग्र आर्थिक सामाजिक विकासका लागि कृषि, वन, पर्यटन, वैकल्पिक उर्जा प्रवर्द्धन, नवीकरणीय उर्जा, वातावरण संरक्षण, सीप विकास तथा रोजगार/स्वरोजगार, गरिबी निवारण, उद्योग वाणिज्य र सामाजिक विकासका क्षेत्रहरूमध्ये यस गाउँपालिकाले आवश्यकता महसुस गरेका विविध क्षेत्रहरूमा सार्वजनिक, निजी, साझेदारी/सहकार्यको अवधारणामा आधारित कार्यक्रमलाई प्राथमिकता साथ वार्षिक तथा बहुवर्षीय कार्यक्रमका रुपमा बढवा दिनेछ । उपरोक्तानुसारको साझेदारी/सहकार्य नीति बमोजिमको कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतको प्रबन्ध गरेको छु ।

१०८. गैरसरकारी संघसंस्था एवं अन्तर्राष्ट्रिय संस्थाले यस गाउँपालिकामा कुनै पनि कार्यक्रम सञ्चालन गर्नु पूर्व गाउँपालिकाको अनुमति लिनु पर्ने एवम् त्यस्ता संघसंस्थाको कूल लागतलाई गाउँपालिकाको आर्थिक वितरणमा अनिवार्य रुपले आवद्ध गराउन आवश्यक नीतिगत प्रबन्ध सहितको व्यवस्था गरेको छु ।

## कर्मचारी प्रशासन र सेवाको प्रभावकारिता

१०९. गाउँपालिकामा क्षेत्रभित्र कार्यरत सम्पूर्ण जनशक्तिलाई आफ्नो विषयप्रति पुनर्ताजगी गराई राख्न तत् तत् क्षेत्रको तालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । गाउँपालिकास्तरीय काम कारबाहीलाई अझ बढी प्रभावकारी बनाउनका लागि देशदर्शन तथा अन्तरदेशीय दर्शन

अवलोकन भ्रमणहरू मार्फत सिकाइका अभ्यासहरूलाई प्रवर्द्धन गरिनेछ । यसका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

११०. स्थानीय सरकार स्थापनाको पहिलो वर्ष समाप्त भई दोस्रो वर्षमा प्रवेश गरिसकेको अवस्थामा आज यो बजेट प्रस्तुतिको दिनसम्ममा हाजिर भई निष्ठा र इमान्दारीपूर्वक स्थानीय तहको विधि र संरचना स्थापना एवं शासन सञ्चालनमा गाउँपालिकास्तरीय निजामती तथा अन्य कर्मचारीले पुऱ्याउनु भएको योगदानको म उच्च मूल्याङ्कन गर्न चाहन्छु । यी कर्मचारीलाई विशेष प्रोत्साहन गर्न एवं आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले कार्यालयको काममा बाधा नपुग्ने गरी एक हप्ताको विदा वा काज र सुरु महिनाको तलब बराबरको रकम सहतिको सुविधा सहित जनप्रतिनिधि समेतको संलग्नतामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमणमा जाने व्यवस्था मिलाई प्रोत्साहन गरिनेछ । यस व्यवस्थाले स्थानीय सरकार स्थापनाको विशेष समयमा योगदान पुऱ्याउने कर्मचारीहरूको मनोबल उच्च, उत्साहित र उत्प्रेरित हुने अपेक्षा लिएको छु । यस कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

## बजेट कार्यान्वयन एवं नतिजाउन्मुख अनुगमन

१११. प्रस्तुत बजेटमा उल्लिखित योजना तथा कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाइनेछ । साथै सम्बन्धित विषयगत शाखा र वडाकार्यालयलाई जिम्मेवार बनाउने प्रणाली स्थापित गरिनेछ ।

११२. प्रस्तुत बजेटले सम्बोधन गरेका योजना तथा कार्यक्रमहरूमध्ये रु.१०,००,०००।- (अक्षरुपी दस लाख) सम्मको योजना तथा कार्यक्रममात्र उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन पाउने व्यवस्था गएिको छ ।

११३. बजेटमा प्रस्तुत भएका कार्यक्रमहरूको समयबद्ध कार्यान्वयन कार्ययोजना तयार गरी आर्थिक वर्षको पहिलो दिनदेखि नै कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

११४. गाउँपालिका महत्वका सम्पूर्ण योजनाको नतिजामूलक अनुगमन गर्न उपाध्यक्षको संयोजकत्वमा गठित समितिलाई प्रभावकारी बनाइनेछ ।

११५. बजेटमा प्रस्तुत गरिएका कार्यक्रमहरूलाई स्रोतको अभाव हुन नदिने प्रबन्ध गरेको छु । खर्च नभएका कार्यक्रमबाट रकमान्तर गरी खर्च गर्न सक्ने कार्यक्रम र आयोजनाहरूलाई थप स्रोतको व्यवस्था गरिनेछ ।

११६. बजेटमा उल्लेख भएका विभिन्न योजना तथा कार्यक्रमहरूको सूचना प्रविधिमूलक प्रणालीद्वारा अनुगमन र मूल्याङ्कन गर्ने एवं तत्कालै सो विषयलाई सम्बोधन गर्ने प्रभावकारी विधि अवलम्बन गरी कार्यान्वयनलाई सहजीकरण गरिनेछ ।

११७. विद्यमान संक्रमणकालीन आर्थिक अवस्थामा प्रभावकारी वित्तीय सुशासन कायम गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

११८. प्रस्तुत बजेट मार्फत कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरूको वित्तीय प्रगति आर्थिक वर्षको अन्त्यसम्ममा न्यूनतम ९५ प्रतिशत हुने प्रभावकारी व्यवस्था मिलाइनेछ । हरेक खर्च व्यवस्थापनका प्रक्रियालाई विधिसम्मत बनाई शून्य बेरुजुतर्फ उन्मुख गराइनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व.को लागि राजस्व परिचालन एवं स्रोत व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु :-

११९. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रु.३४,७२,६३,०००।- ( अक्षरुपी चौतीस करोड बहत्तर लाख त्रिसठ्ठी हजार) विनियोजन गरेको छु । कूल विनियोजित बजेटमध्ये चालुतर्फ ५ करोड २१ लाख सन्तानब्बे हजार अर्थात् १५.०३ प्रतिशत, पूँजीगततर्फ रु.२९ करोड ५० लाख ६६ हजार अर्थात् ८४.९७ प्रतिशत रहेको छ ।

१२०. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट १५ लाख, प्रदेश सरकारबाट समानीकरण अनुदान ७७ लाख ७८ हजार र सशर्त अनुदान २ करोड ५४ लाख ८८ हजार र संघीय समानीकरण अनुदानबाट रु. ११ करोड १८ लाख र सशर्त अनुदान रु. १३ करोड ३५ लाख, राजस्व बाँडफाँटबाट ५ करोड ६ लाख ९७ हजार र नगद मौज्दात रु. १ करोड ७४ लाख ३७ हजार २ सय ४४ पैसा ५० गरी कूल रु. ३४ करोड ७२ लाख ६३ हजार हुनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७५/०७६ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु :-

१२१. करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श स्थानीय कर प्रणालीको विकास गर्न आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गर्दछु :-

क) गाउँपालिकाभित्र रहेको आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउन अध्ययन एवं अनुसन्धान भइसकेकोले सोको कार्यान्वयन गर्नका लागि प्रभावकारी भूमिका निभाउन गाउँकार्यपालिकाको कार्यालयमा राजस्व तथा बजेट तर्जुमा शाखा गठन गरी कार्यान्वयन गर्ने,

ख) आफ्ना अधिकार क्षेत्रभित्र राजस्वका सम्भावित स्रोतहरूको पहिचान गर्ने,

ग) स्थानीय कर संरचनाको विकास गर्ने,

घ) राजस्व प्रशासन सुधार गरी करदातालाई दक्ष, व्यवसायी, स्वच्छ, एवम् सुदृढ कर प्रशासनको सुनिश्चितता प्रदान गर्न करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने,

ङ) कर कानुनको परिपालनामा जोड दिँदै कर छली र राजस्व चुहावट नियन्त्रण गर्न नीतिगत व्यवस्था सहितको रणनीति एवं कार्यनीति तयार गर्ने,

च) गैरकर राजस्वको क्षेत्र विस्तार गर्ने ।

छ) आगामी आर्थिक वर्षका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले तोकेको क्षेत्रमा मात्र राजस्व उठाउने नीति अवलम्बन गरिनेछ ।

ज) करको दर बढाउनुभन्दा दायरा विस्तार गरी बढीभन्दा बढी राजस्व उठाउने तर्फ गाउँपालिकाको ध्यान केन्द्रित हुनेछ ।

झ) गाउँपालिका क्षेत्रभित्र रहेका वडाहरूबाट संकलन हुने राजस्व संकलनलाई बढी वैज्ञानिक, वस्तुगत र तथ्यपरक बनाउनका लागि राजस्व सूचना व्यवस्थापन प्रणाली (Revenue Information Management System) मा आवद्ध गरिनेछ ।

ञ) स्थानीय कर प्रणाली स्थापना गर्न आगामी आर्थिक वर्षमा विज्ञ सहित कार्यदल गठन गरी अध्ययन गराइनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

१२२. आर्थिक वर्ष २०७३/०७४ को यथार्थ खर्च, आर्थिक वर्ष २०७४/०७५को संशोधित अनुमान र आर्थिक वर्ष २०७५/०७६ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरूमा उल्लेख गरेको छु ।

१२३. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट यस सुनापती गाउँपालिकाको कूल ग्राहस्थ उत्पादनमा बढोत्तरीसँगै आम स्थानीय बासीको जीवनस्तरमा सुधार आउने अपेक्षा गरेको छु । साथै यस बजेट लोककल्याणकारी राज्य व्यवस्थालाई प्रवर्द्धन गर्न सङ्घीय सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य प्राप्त गर्न तथा ***"समृद्ध नेपाल तथा सुखी नेपाली"*** भन्ने राष्ट्रिय नारालाई सार्थक बनाउन समेत थप टेवा पुऱ्याई ***"समृद्ध सुनापतीको आधार : सुशासनयुक्त सक्षम स्थानीय सरकार"*** भन्ने नारा सफलीभूत हुने विश्वास लिएको छु ।

१२४. यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने माननीयज्यूहरू, पूर्वमाननीयज्यूहरू, गाउँपालिकाका अध्यक्ष, वडाअध्यक्षहरू, कार्यपालिका र गाउँसभाका सम्पूर्ण सदस्य तथा यस गाउँपालिकाका राष्ट्रसेवक सम्पूर्ण कर्मचारी मित्रहरू, विभिन्न राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, पत्रकार जगतका साथै सरोकारवाला व्यक्ति, पक्ष र निकाय लगायत यस गाउँपालिकाको समृद्धिमा चासो र सरोकार राख्ने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१२५. अन्त्यमा, यस सुनापती गाउँपालिकाको आर्थिक, सामाजिक विकासमा निरन्तर सहयोग पुऱ्याउने सबै गैरसरकारी तथा सामुदायिक संघसंस्थाहरू, सहकारी संस्थाहरू तथा आम सुनापती बासी दिदीबहिनी, दाजुभाइहरूलाई यस अवसरमा हार्दिक आभार व्यक्त गर्दछु । यो

बजेटले निर्दिष्ट गरेका नीति, योजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु।

**धन्यवाद।**

# अनुसूचीहरू